सुचना । सुचना ॥ सुचना ॥। मिती २०७८/१२/१७

*बिषय :अभिवावक तथा उम्मेदवार परामर्श कार्यक्रम बारे ।*

आदर्णिय अभिभावक तथा उम्मेदवारज्यूहरूमा यो जानकारी गराउन चाहान्छौं की विगत बर्षहरूमा जस्तै यो बर्ष पनि ब्रिटिश आर्मी र सिंगापुर पुलिस फोर्सको लागी नाम दर्ता **(Registration)** को फर्म भर्ने प्रक्रिया सुरू गरिने भएकोले गर्दा अभिभावक तथा १८ बर्ष देखि २१ बर्ष भित्रका ईच्छुक उम्मेदवारहरूले निम्न मिति , स्थान र समयमा हुन गैरहेको परामर्श कार्यक्रममा उपस्थित भई सम्पुर्ण जानकारी लिनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

| मिती | स्थान | समय |
|---|---|---|
| २०७९ बैशाख ८ गते | सिन्धुली बजारको फुटबल ग्प्रउड | अपराहन्न १३:३० बजे |
| २०७९ बैशाख १२ गते | सिन्धुपाल्चोक दोलालेश्वर उच्च मा.वी दोलालघाट | बिहान ०८:३० बजे |
| २०७९ बैशाख १२ गते | काभ्रेपलान्चोक टुडिखेल पार्क धुलिखेल आर्मी ब्यारेक संगै | अपराहन्न १५:०० बजे |

*परामर्शका लागी श्रोत व्यत्तिहरू :*

१ .क्यापटेन हरि प्रसाद राई **Area RecruitingOfficer,Pokhara**

२. मेजर रन्जन कुमार बद्गामी **(GM) British Gurkha Nepal**

३. प्रदेश ३ कमाण्ड्र मेघ राई **SRA Sindhuli,Kabhre,Sindhupalchok,Ktm,Bhaktapur,Lalitpur**

पुनश्च : विस्तृत जानकारीको लागी हरेक न.पा.र गा.पा. को सुचना पार्टीमा हेरनुहुन अनुरोध गरिन्छ ।

मेघ राई यस आर ए सिन्धुली , काभ्रेपालन्चोक,सिन्धुपाल्चोक,काठंमाण्डौ,भक्तपुर र ललितपुर

सर्म्पक नम्बर :९८४६४८३५१७/९८१३१८२७९७

# ब्रिटिश गोर्खा सेना र गोर्खा सिङ्गापुर पुलिस फोर्समा भर्ति हुनका लागि प्रचार-प्रसार बारे सूचना

छनौट योग्यतामा आधारित छ र केवल उत्कृष्ट उम्मेदवारहरु मात्र स्वीकार्य हुनेछन् ।
छनौट प्रकृया : नि:शुल्क, निष्पक्ष र पारदर्शी हुनेछ ।



Recruit intake 2023 का लागि ब्रिटिश गोर्खा सेना र सिङ्गापुर पुलिस फोर्समा भर्ति हुन इच्छुक युवा तथा अभिभावकहरु का लागि निम्न मिति, स्थान र समयमा छनौट कर्मचारीहरुद्वारा प्रत्यक्ष प्रचार (Advertisement) गरिने भएकोले सो स्थानमा समय मै उपस्थित भई भर्ति सम्बन्धी आवश्यक योग्यता बारे जानकारी लिन हुन अनुरोध गर्दछौ ।

मिति : 2069 बैसाख 12 गते

स्थान : दोलालेश्वर उच्च मा.वि. दोलाल घाट

समय : बिहानको ठिक ८:30 बजे

---

ब्रिटिश आर्मी र सिंगापुर पुलिसमा भर्ती हुनका लागि इच्छुक आवेदकहरुले नाम, थर, एन.पि.पि. नम्बर र जिल्ला अनलाईन मार्फत दर्ता गराउनु पर्नेछ । अनलाईन दर्ता प्रकृया चैत्रको २१ देखि बैशाखको २५ गतेसम्म (4 April - 8 May 2022) संचालन गरिनेछ ।

---

पहिलो चरणको छनौट (Registration) ब्रिटिस गोर्खाज पोखरा, ब्रिटिस गोर्खाज धरान र एरिया वेलफेयर सेन्टर (AWC) भेरी, सुर्खेतमा संचालन गरिनेछ ।सम्पूर्ण जानकारीहरु, अभ्यासपत्रहरु साथै नमुना भिडियोहरु हाम्रो वेबसाइटमा http://www.army.mod.uk/bgn पाउन सक्नुहुनेछ ।

---

भर्ति हुनका लागि कुनै पैसा लाग्ने छैन र तपाईले भ्रष्टाचारको कुनै पनि आरोपहरुको बारेमा सुन्नु भएको वा कसैले भर्ति लगाइदिन्छु भनि पैसा मागेमा कृपया नदिनुहोला र स्थानीय प्रहरी कार्यालयमा खबर गर्नुका साथै तल दिइएको इमेलको माध्यमबाट हामीलाई जानकारी दिनुहोला । इमेलः gurkharecruitment@bgp.com.np

**गोर्खा भर्तिको प्रकृया ब्रिटिश सेनाको कानुन अनुसार संचालन गरिनेछ ।**

## ब्रिटिश गोर्खा र सिंगापुर पुलिस भर्ती बारे जानकारी
### रेक्रुट इन्टेक २०२३ मा सहभागिताको मापदण्ड

ब्रिटिश गोर्खा र सिंगापुर पुलिसको छनौट प्रक्रिया "निःशुल्क,निस्पक्ष र पारदर्शी हुनेछ

**उमेरको हक**

- उमेरः न्युनतम १८ र अधिकतम ०१ जनवरी २०२३ सम्म २१ वर्ष नपुगेको ।
- ई.सं. 01/01/2002 र 01/01/2005 (वि.सं. १७/०९/२०५८ - १७/०९/२०६१) बिचमा जन्मेको

**शैक्षिक योग्यता**

- एस.एल.सी. न्यूनतम तेस्रो डिभिजन उत्तीर्ण वा सो सरह (कम्पार्ट पास भए पनि हुने) । नयाँ एस.इ.इ. ग्रेडिङ प्रणालीमा न्यूनतम ५ सी ग्रेड हासिल गर्नेलाई मात्र मान्यता दिइनेछ । दुबै ब्रिटिस आर्मी र सिंगापुर पुलिसको लागि अंग्रेजी र गणितमा सी ग्रेड अनिवार्य हुनु पर्नेछ ।
- एस.एल.सी कम्पार्ट पास, प्राइभेट एस.एल.सी. र खुला शिक्षालाई स्वीकार गरिने छ । CTEVT द्वारा प्राप्त व्यावसायिक बिषय पासहरुलाई स्वीकार गरिने छैन ।

**शारीरिक आवश्यकता**

- **उचाई**ः न्युनतम १५८ से.मी. हुनुर्पेछ ।
- **बि.एम.आई** (BMI): पहिलो चरणको छनौटमा १७-३० र दोस्रो चरणको छनौटमा १८-२८ हुनु पर्नेछ ।
- **आँखा**ः चस्मा/लेन्स/लेजर सर्जरी मान्य हुनेछैन, छड्के (Cross eyes) वा डेढो आँखा साथै आँखा ठुलो सानो भएमा स्वीकार गरिने छैन ।
- **शारीरिक**: सेनाको सेवालाई असर गर्ने/उठेको डल्ला/खटिरा वा दुर्बलता भएमा मान्य हुनेछैन ।
- **दाँत**: अगाडीको दाँतहरुमा त्रुटि हुनु हुँदैन र पछाडीको दाँतहरुमा दुई भन्दा धेरै त्रुटि (भरेको, खाली वा नक्कली दाँत) भएमा स्वीकार गरिने छैन ।
- **बिरामी**: कुनै पनि रोगहरुबाट ग्रषित उम्मेद्वारहरुलाई स्वीकार गरिने छैन ।

**छनौट प्रकृयाहरु:**

**१. अनलाईन नाम दर्ता**: ब्रिटिश आर्मी र सिंगापुर पुलिसमा भर्ती हुनका लागि इच्छुक आवेदकहरुले नाम, थर, एन.पि.पि. नम्बर र जिल्ला अनलाईनमार्फत दर्ता गराउनु पर्नेछ। अनलाईन दर्ता प्रकृया चैत्रको २१ देखि बैशाखको २५ गतेसम्म (4 April - 8 May 2022) संचालन गरिनेछ । अनलाईन दर्ता प्रकृयामा सफल भएका आवेदकहरुलाई पहिलो चरण छनौटको लागि हाम्रो वेबसाईटद्वारा सूचित गराइने छ ।

**२. पहिलो चरण छनौट** (Phase 1 Registration): पहिलो चरण छनौट ब्रिटिस गोर्खाज पोखरा र ब्रिटिस गोर्खाज धरानमा जेठको ९ देखि श्रावणको १३ सम्म (23 May-29 July 2022) र एरिया वेलफेयर सेन्टर (AWC) भेरी, सुर्खेतमा जेठको ९ देखि आषाढको ५ सम्म (23 May-19 June 2022) संचालन गरिनेछ ।

उम्मेद्वारहरुले BGN वेबसाइटमा राखिएको दर्ता फारम दुबै ब्रिटिश गोर्खाज अनि सिंगापुर पुलिसको लागि सम्बन्धित फारम (टाइपिङ वा हस्तलिखित) भरेर ल्याउनु अनिवार्य छ । साथै **कोभिड आइसोलेसन मन्जुरीपत्र** नल्याए भर्ती दर्ताबाट बन्चित गराइनेछ । उम्मेद्वारहरुले सक्कली कागजपत्रहरु र सबैको फोटोकपीहरु ल्याउनु पर्नेछ ।

उम्मेद्वारहरुले दर्ता हुन आउँदा पि.टि. जुत्ता, जाङे /shorts, सानो छाता तथा कालो कलम अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

**पहिलो चरण छनौटको मापदण्ड:**

- **Over Arm Heaves:** पास या फेल, रजिष्टरको लागि कम्तिमा 12 Over Arm Heaves गर्नु पर्नेछ,
- **मेडिकल:** आधारभूत मेडिकल जाँचहरु हुनेछन्,
- **कागजपत्रहरू/प्रमाणपत्रहरूको जाँच:** सबै सक्कली कागजपत्रहरु साथै सम्पूर्णको A4 साईजको फोटोकपी दर्ताका लागि लिएर आउनु पर्नेछ ।

**३. दोस्रो चरण छनोट:** (Phase 2 - Initial Selection): पहिलो चरणको छनौटमा सफल भएका उम्मेद्वारहरुलाई मात्र दोस्रो चरणमा छनौटको लागि ब्रिटिस गोर्खाज पोखरामा समावेश गरिने छ । उपस्थितिका लागि जिल्ला अनुसार फरक फरक मिति तय गरि वेबसाइटमा २० श्रावण २०७९ (5 Aug 2022) मा नाम निकालिने छ ।

**दोस्रो चरण छनौटको** (Phase 2 - Initial Selection) मितिहरुः

**सिंगापुर पुलिस फोर्स:** बि.सं. २३/०५/२०७९ - ०९/०६/२०७९ (8-25 September 2022).

**ब्रिटिश गोर्खा:** बि.सं. १६/०७/२०७९ - २२/०८/२०७९ (02 Nov - 15 Dec 2022).

**दोस्रो चरण छनोट-शारीरिक मुल्यांकन:** तपाईहरुले निम्न उल्लेखित सबै शारीरिक मुल्यांकनको तयारी गर्नु पर्नेछ ।

- **मेडिकल:** आधारभुत मेडिकल जाँचहरु हुनेछन् ।
- **शैक्षिक जाँच:** ब्रिटिस आर्मी र सिंगापुर पुलिस दुबैका लागि अंग्रेजी र गणितका जाँचहरु हुनेछन् र दुबैका प्रश्नपत्रहरु एकैप्रकारका हुनेछन् ।
- **Heaves:** कम्तिमा १२ पटक Over Arm Heaves (सक्दो प्रयास) ।
- **८०० मिटर दौड:** २ मिनेट ३० सेकेण्ड भित्र (सक्दो प्रयास)
- **रिपिटेड लिफ्ट एण्ड केरी:** २० के.जी.को बोरा बोकेर ३० मिटरको दुरी बोरासँग ५ पटक र बिना बोरा ४ पटक १ मिनेट ४६ सकेण्ड भित्र पुरा गर्नु पर्नेछ (सक्दो प्रयास)।

**४. अन्तिम चरण छनोट** (Final Selection): दोस्रो चरण छनौटमा सफल आवेदकहरुलाई ब्रिटिश गोर्खाज पोखरामा अन्तिम चरण छनौटका लागि बोलाइने छ । अन्तिम चरणको छनोट दुबै ब्रिटिस आर्मी र सिंगापुर पुलिसका लागि २०७९ माघ देखि फाल्गुण महिना (Jan - Feb 2023) भित्र हुनेछ ।

यो दौरानमा विभिन्न चरणका शारीरिक, शैक्षिक र मेडिकल जाँचहरु गरिने छ ।

- **मेडिकल:** सम्पूर्ण (Detail) मेडिकल जाँचहरु हुनेछन् ।
- **शैक्षिक जाँच:** ब्रिटिस आर्मिको लागि मात्र अंग्रेजीमा लिखित, मौखिक र श्रवण (Written, Speaking & Listening) द्वारा हुनेछन् ।
- **२ किलोमिटर दौड:** ८ मिनेट भित्र पुरा गर्नु पर्नेछ (सक्दो प्रयास) ।
- **जेरीक्यान केरी** (Jerrican Carry): २ मिनेट भित्र पुरा गर्नु पर्नेछ (सक्दो प्रयास)।
- **डोको दौड:** ४६ मिनेट भित्र पुरा गर्नु पर्नेछ (सक्दो प्रयास) ।
- **मेड बल थ्रो** (Med-Ball Throw): कृपया हाम्रो वेबसाईटमा हेर्नुहोला ।
- **मिड थाई पुल** (Mid-Thigh Pull): कृपया हाम्रो वेबसाईटमा हेर्नुहोला ।

- **टिम टास्क** (Team Task)ः सिंगापुर पुलिसका लागि मात्र ।
- **अन्तर्वार्ताः** अन्त्यमा ब्रिटिश गोर्खा र सिंगापुरका अधिकारीहरुले अंग्रेजी र नेपाली दुबै भाषामा परीक्षार्थीहरुलाई अन्तर्वार्ता लिनेछन् ।

**कागजपत्रहरु/प्रमाणपत्रहरुः** सबै आवेदकहरुले सबै सक्कली कागजपत्रहरु साथै सम्पूर्णको A4 साईजको फोटोकपी दर्ताका लागि लिएर आउनु पर्नेछ । PR हरुले सक्कली कागजपत्रहरु दोस्रो र अन्तिम चरणको छनोटमा पनि लिएर आउनु पर्नेछ ।

क. नागरिकताको प्रमाणपत्र (NPP)
ख. मेसिन रिडेबल पासपोर्ट (MRP)
ग. विवाह दर्ता तथा श्रीमतिको एन.पि.पि (यदि विवाह भएमा)
घ. बच्चाको जन्मदर्ता (बच्चा भएमा)
ङ. आमाबुबाको नागरिताको सक्कल प्रमाणपत्र
च. आमाबुबाको विवाहदर्ता (लागु भएमा)
छ. आमाबुबाको मृत्युदर्ता (लागु भएमा)
ज. बसाईसराइको प्रमाणपत्र (लागु भएमा) -नगरपालिका/गाउँपालिका/वडाबाट
झ. जात प्रमाणिकरण (लागु भएमा)- जिल्ला प्रशासन तथा इलाका प्रशासनबाट
ञ. शिक्षाः एस.एल.सी को प्रमाणपत्र (प्रवेशिका परीक्षा प्रमाणपत्र), एस.एल.सी. जांच मार्कसिट, चारित्रिक प्रमाणपत्रहरु पनि लिएर आउनु पर्नेछ ।
ट. दर्ताको लागि हालसालै खिचेको २ प्रति रंगिन पासपोर्ट साईजको फोटो (साईज ३५ mm X ४५ mm) बिना टोपी र कपाल काटेको हुनुपर्ने अन्य फोटो वा कुनैपनि कपाल नकाटेको या अप्राकृतिक कपाल भएकोलाई मान्यता दिईने छैन ।

**गर्न नहुने कुराहरु**

क. भर्ति कर्मचारीलाई घुस, प्रभाव वा दवाब दिने कोसिस
ख. झुटो कागजपत्र पेस
ग. दलालहरु र मध्यस्तकर्ताहरुलाई घुस दिएमा (किनकि छनोट प्रकृयामा दलालको कुनै प्रभाव हुदैन)
घ. माथि उल्लेखित कुनै पनि को उल्लंघन गरेमा तुरुन्त अयोग्य ठहरिने छ र उक्त आवेदकलाई फेरी आवेदन दिन दिइने छैन ।

**गर्न पर्ने कुराहरु**

क. रेक्रुट छनोट भन्दा पहिला आफुलाई शारीरिक र मानसिक रुपमा सक्दो तयार गर्ने
ख. यदि कसैले पैसा माग्छ भने तुरुन्त खबर गर्ने
ग. ब्रिटिश गोर्खाज नेपालको वेबसाईट **http://www.army.mod.uk/bgn** मा राखिएको सुझावहरुलाई अवलम्बन गर्ने

ब्रिटिश गोर्खाज र सिंगापुर पुलिसमा भर्तिको लागि निवेदन सँधै निःशुल्क छ र रहेको छ । भर्ति हुनका लागि कुनै पैसा लाग्ने छैन र तपाईले भ्रष्टाचारको कुनै पनि आरोपहरुको बारेमा सुन्नु भएको वा कसैले भर्ति लगाइदिन्छु भनि पैसा मागेमा पैसा नदिनुहोस् र स्थानीय प्रहरी कार्यालयमा खबर गर्नुका साथै तल दिएको इमेलको माध्यमबाट हामीलाई जानकारी दिनुहोस् । ईमेल : gurkharecruitment@bgp.com.np

**प्रतिदाबीः** भर्ति छनोट प्रकृयामा सहभागि हुँदा व्यक्तिको पढाईमा बाधा, चोटपटक या बिरामी भएमा ब्रिटिश गोर्खाज नेपाल जिम्मेवार हुने छैन ।